# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र


खण्डः ७ संख्याः २ कार्यपालिकाबाट पारित मितिः २०८१।०१।०३

प्रमाणिकरणः२०८१।०१।१२

प्रकाशन मितिः २०८१।०१।१२


## भाग-२

## ठाकुरबाबा नगरपालिका

### आधारभुत नगर अस्पताल संचालन कार्यविधि, २०७९ (तेस्रो संशोधन २०८१)

<u>दफा ७ को उपदफा ३ मा संशोधनः</u>

<u>(ग)</u> उपदफा २ (क) बमोजिम मनोनित अस्पताल व्यवस्थापक बेतलबी पद हुनेछ। तर निजलाई देहाय बमोजिमको मासिक सेवा सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन।

- खाना/खाजा खर्च वापत — रु. १२,०००।- (अक्षरुपी बाह्र हजार)
- यातायात/इन्धन खर्च वापत — रु. ७,०००।- (अक्षरुपी सात हजार)
- सञ्चार खर्च वापत — रु. ३,०००।- (अक्षरुपी तीन हजार)
- निर्वाह सुविधा वापत — रु. ६,०००।- (अक्षरुपी छ हजार)
- जनसम्पर्क/विशेष कार्यसुविधा वापत — रु. २,०००।- (अक्षरुपी दुई हजार)

<u>(घ)</u> उपदफा ३ (ग) बमोजिम प्रोत्साहन रकम उपलब्ध गराउँदा जम्मा आम्दानीबाट देहायको मापदण्ड बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

| क्र. सं. | सेवा शीर्षक | प्रोत्साहन अनुपात |
|---|---|---|
| १. | निरोगिता प्रमाणित सेवामा | ५० % |
| २. | भिडियो एक्स-रे सेवामा | ३० % |
| ३. | बिष सेवनको केस व्यवस्थापन सेवामा | ४० % |

आधारभुत नगर अस्पताल संचालन कार्यविधि २०७९ (तेस्रो संशोधन २०८१)

| | | |
|---|---|---|
| ४. | प्लाष्टर सेवामा | ४० % |
| ५. | माइनर अपरेसन | ५० % |
| ६. | ई. सि. जि. सेवा | ३० % |
| ७ | रेबिज खोप | २५ % |
| ८. | एक्स-रे | १० % |
| ९. | मादक पदार्थ सेवक (मा.प.से.) परीक्षण | ५० % |
| १०. | अतिरिक्त समयमा कार्य गरेबापत | कार्य सम्पादनमा आधारित प्रोत्साहन रकम सम्बन्धी कार्यविधि, २०७७ बमोजिम |
| ११. | प्रयोगशालामा संलग्न कर्मचारीहरुलाई जोखिम भत्ता वापत | १५ % |
| | ११.१ मेडिकल अधिकृत/पारामेडिक्स | ७ % |
| | ११.२ ल्याबका कर्मचारी | ७ % |
| | ११.३ सरसफाईकर्मी | १ % |

**(च)** अस्पताल व्यवस्थापक अस्पतालको कामको सिलसिलामा कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटिएमा प्रमुख प्रशासकीय अधिकृतबाट भ्रमण आदेश स्वीकृत गराएर मात्र जानुपर्नेछ र निजलाई अधिकृत छैठौं सरहको सेवासुविधा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम उपलब्ध गराइनेछ।

- **दफा ७ मा उपदफा ४ थप गर्नुपर्ने:** आधारभूत नगर अस्पतालमा ओ.जि.टी. गर्न आउने विद्यार्थीहरुलाई अनुमति दिइनेछ र सो सम्बन्धी अन्य व्यवस्था अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ।

**आज्ञाले**
रामहरि रिजाल
प्रमुख प्रशासकीय अधिकृत

आधारभुत नगर अस्पताल संचालन कार्यविधि, २०७८ (तेस्रो संशोधन २०८१)